## (आर्थिक वर्ष २०८१/०८२ को दोस्रो बैठक)

आज मिति २०८१ भाद्र ३१ गतेका दिन यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा ज्यूको अध्यक्षता तथा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति :</u>

१. अध्यक्ष : श्री पासाङ नुर्पु शेर्पा

२. सदस्य : श्री दिछेन शेर्पा

३. सदस्य : श्री साङवु लामा

४. सदस्य : श्री कुमार श्रेष्ठ

५. सदस्य : श्री निमा सोना शेर्पा

६. सदस्य : श्री टासी शेर्पा

७. सदस्य : श्री दावा त्यम्वा तामाङ

८. सदस्य : श्री आङ छिरिङ शेर्पा

९. सदस्य : श्री वच्चु [illegible]तानी

१०. सदस्य : श्री जमुना थामी

११. सदस्य : श्री पम्फा वि.क.

१२. सदस्य : श्री रुपा रिमाल लाम्गाते

१३. सदस्य : श्री निमि शेर्पा

१४. सदस्य सचिव : श्री दीपक दाहाल (प्र.प्र.अ)

<u>आमन्त्रित/सहयोगी कर्मचारीहरु :</u>

- श्री भवानी प्रसाद मिश्र (लेखा अधिकृत, आठौं)
- श्री विनेश कुमार श्रेष्ठ ,शिक्षा अधिकृत
- श्री राजाराम घोरासैनी, ईञ्जिनियर सातौ
- श्री पेम्वा तामाङ, रोजगार संयोजक
- श्री पुण्य प्रसाद पराजुली, सव ईञ्जिनियर
- श्री पेशल रिजाल, सहायक पाँचौ
- श्री मनोज कुंवर, कृ.अ.
- श्री कृष्णप्रसाद ढकाल, सहायक पाँचौ
- श्री आशा राउत, स्वास्थ्यकर्मी ASHA
- श्री अनिशा अधिकारी

## मिति २०८१ भाद्र ३१, गतेको कार्यपालिकाको प्रस्तावहरुः

प्रस्तावहरु

१. घरभाडा सम्बन्धमा
२. मेड्पा कार्यक्रमको लागि वडा छनौट सम्बन्धमा
३. तिज कार्यक्रमको खर्च स्वीकृती सम्बन्धमा
४. एक वडा एक उत्पादन कार्यक्रमको लागि बजेट व्यवस्था सम्बन्धमा।
५. गाउँपालिकाको वृत्तचित्र निर्माण सम्बन्धमा
६. सडक हेरालुको रकम भुक्तानी सम्बन्धमा
७. रोजगार रणनीति योजना सम्बन्धमा
८. अधिकार प्रत्यायोजन सम्बन्धमा
९. करार शिक्षकको काज सरुवा सहमति सम्बन्धमा
१०.हाइड्रोपावर अनुदानमा खटाएका शिक्षक सम्बन्धमा
११.आर्थिक सहायता सम्बन्धमा
१२.ग्रामिण सडक सरसफाई सम्बन्धमा
१३.शिक्षा, युवा तथा खेलकुद शाखाका प्रस्तावहरु सम्बन्धमा।
१४.अतिथि सत्कार खर्चको भुक्तानी

१५. कार्यविधि संशोधन

१.भोटेकोशी गाउँपालिका मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ संशोधन
२. गाउँ प्रहरी संञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९, संशोधन

१६. काङलाङ लिस्ती मोटरबाटो मोटरबाटो सुधार/ विग्रेको
१७. सहकारी अनुगमन तथा बजार अनुगमन सम्बन्धमा।
१८. विविध

१. भुक्तानी बाँकीको विवरण

Scanned with CamScanner

निर्णयहरु

निर्णय नं. :१

१.१ यस पालिकाका पदाधिकारी तथा कर्मचारीहरुको लागि देहाय बमोजिम घरभाडामा आवासको व्यवस्था मिलाईएको अवस्था छ। यसमा आ.व २०८०/८१ को घरभाडामा विनियोजित बजेटबाट खर्च भएको रु १२३१९४२।- अनुमोदन गरी आ.ब २०८१/८२ मा सम्झौता नवीकरण गरी निरन्तरता दिने र अन्य स्थानीय बाहेक कर्मचारीहरुका लागि समेत आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

| क्र.सं | घरधनीको नाम | मासिक रकम | उपभोग गर्ने |
|---|---|---|---|
| १. | राजु शेर्पा | १६७०० | अध्यक्ष |
| २. | कमल पौडेल | १६७०० | प्रमुख प्रशासकीय अधिकृत |
| ३. | पाङलबु शेर्पा | १०००० | उपाध्यक्ष |
| ४. | देवी खड्का | ९१८५ | (ले.अ, शिक्षा :प्रशुराम जोशी) |
| ५. | तोरण बहादुर खड्का | १८५०० | शिक्षा अधिकृत,प्रशासन अधिकृत सातौ, सूचना प्रविधि अधिकृत |
| ६. | धुर्ब पौडेल | १२००० | नोलाइट अफिस |
| ७. | राम कृष्ण कामी | २२२५० (वार्षिक) | विपद जग्गा भाडा वोसिसा |
| ८. | छिरिङ तामाङ | १६७०० | प्राविधिक टिम |

१.२ उपरोक्त घरभाडालाई आगामी आर्थिक वर्ष २०८१/०८२ मा घरभाडा निर्धारण सम्वधमा अध्ययन गर्न तपसिल बमोजिमको **घरभाडा निर्धारण समिति** गरियो।

तपसिलः

| | | |
|---|---|---|
| श्री टासी शेर्पा | ४ नं वडा अध्यक्ष | संयोजक |
| श्री राजाराम घोरासैनी | ईञ्जिनियर | सदस्य |
| श्री पुण्य प्रसाद पराजुली | सव ईञ्जिनियर | सदस्य |
| श्री सुरोज तामाङ | अमिन | सदस्य सचिव |

**कार्यशर्तः**

- भाडामा लगाएको घरको विवरण लिने,
- घर भाडाको न्यूनतम दर कायम गर्न सिफारिस गर्ने,
- आफ्नो कार्यविधि आफै तयार गर्ने।

Scanned with CamScanner

**निर्णय नं. :२**

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको आर्थिक सहयोग र भोटेकोशी गाउँपालिकाको प्राविधिक सहयोगमा आ.व २०८१/०८२ मा संचालन हुने मेड्पा कार्यक्रम अन्तर्गत विभिन्न सिप विकास सम्बन्धी तालिम तथा कार्यक्रमहरु संचालन गर्न स्थानीयको माग बमोजिम भोटेकोशी गाउँपालका वडा नं २ लाई छनौट गरी गरिवि निवारणका लागि **लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका -२०७७** बमोजिम संचालन गर्ने निर्णय गरियो।

**निर्णय नं. :३**

मिति २०८१ भाद्र १९ गते संचालन भएको तीज विशेष नृत्य प्रतियोगिता तथा शुभकामना कार्यक्रममा भएको खाना,खाजा तथा पुरस्कार, अन्य अतिथि सत्कारको खर्च र अन्य व्यवस्थापन वापतको खर्च रु ४,१३,३२८ गा.पा चालु दिवसिय कार्यक्रमबाट खर्च गर्न स्वीकृती दिने निर्णय गरियो ।

**निर्णय नं. :४**

एक वडा एक उत्पादन कार्यक्रमको लागि वडा नं ५ छनौट भएकोले उक्त कार्यक्रममा प्रदेश सरकारबाट ६०%, स्थानीय तहबाट २०% र कृषक सहकारी/कृषक समुहले २०% व्यहोर्न पर्ने भएकोले स्थानीय तहले १४ लाखको बजेट **भोटेकोशी नमुना कृषि फर्म कार्यक्रम** शिर्षकबाट व्यवस्था गर्ने निर्णय गरियो।

**निर्णय नं.:५**

भोटेकोशी गाउँपालिकाको मिति २०७९ जेठ देखि २०८१ भाद्र ३० सम्मका विकासात्मक कार्य, आर्थिक, सामाजिक, पर्यटकीय, एतिहासिक क्षेत्रहरु तथा समग्र विषय वस्तु समेटेर वृत्तचित्र निर्माण गर्न गा.पा चालु पर्यटन प्रवर्धनको रु १० लाख बाट रु ५ लाख बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. :६**

मनसुन सुरु भए संगै यस पालिकाभित्रका ग्रामिण सडकमा भएको क्षति तथा पानीको निकासा सम्बन्धी कार्यहरु गर्न खटाइएको सडक हेरालुहरुको ज्याला रकम मिति २०८१ श्रावण १

Scanned with CamScanner

देखि प्राविधिकबाट प्रमाणित हाजिरी अनुसार **सडक हेरालु (पूर्वाधार)** शिर्षकबाट ज्याला रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.७:**


भोटेकोशी गाउँपालिकाले तयार गरेको **रोजगार रणनीति योजना -२०८१ माथि** पुनः छलफल गरी अर्को कार्यपालिका वैठकमा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८:**

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०३** मा प्रचलित कानूनले कुनै विषयमा सिफारिस गर्नका लागि कुनै निकाय तोकेकोमा बाहेकका विषयमा कार्यपालिकाले सिफारिस गर्न सक्ने भनि व्यवस्था भए बमोजिम स्थायी लेखा नं दर्ता/ खारेज गर्न, विमा कम्पनीहरुलाई वीमाको क्षतिपूर्ति उपलब्ध गराउने, कम्पनी तथा संघ संस्था दर्ता गर्नको लागि कुनै सार्वजनिक निकायको कानूनीमा व्यवस्था भएको अवस्थामा प्रचलित कानून बमोजिम सिफारिस गर्न आवश्यक भएको भनी निवेदन प्राप्त भएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १८ बमोजिम अध्ययन गरी सिफारिस दिन/ गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** शिक्षकलाई पारस्पारिक काम-काजमा खटाउने सम्वन्धमा यस भोटेकोशी गाउँपालिका अन्तर्गत संचालित श्री भिमसेन मा.बि को राहत कोटामा कार्यरत प्रा.शि. श्री मन कुमारी नेपालले अन्तरपालिका घरपायक काम-काजमा जान भनि कार्यरत विद्यालयको वि.व्य.सको निर्णय सहितको निवेदन, कामकाजमा खटिइ जाने विद्यालयको निर्णय सहितको पत्र, सम्वन्धित स्थानीय तहको पत्र सहित निवेदन पेश भएको र त्यसै अनुरुप श्री करङगैरा आ.वि, बलेफी गा.पा.मा समान तह, श्रेणी र दरवन्दीमा कार्यरत शिक्षक श्री छत्र वहादुर भण्डारीको समेत पारस्पारिक काम-काज गर्न निवेदन पेश भएको सन्दर्भमा भोटकोशी गाउँपालिकाको शिक्षा नियमावली २०७५ (पहिलो संशोधन) को नियम ७१ वमोजिम निज शिक्षकहरु श्री मन कुमारी नेपाल र छत्र वहादुर भण्डारीलाई पारस्पारिक काम-काजमा खटिइ जान सहमति दिने निर्णय गरियो।

**निर्णय नं.१०:**



Scanned with CamScanner

भोटेकोशी गाउँपालिका अन्तर्गतको विद्यालयहरुमा हाइड्रोपावरबाट अनुदानका रुपमा तलब भत्ता भुक्तानी हुने गरि खटाइएका शिक्षकहरुलाई हाइड्रोपावरबाट नै तलब भत्ता उपलब्ध गराउने व्यवस्थाको लागि  साविक बमोजिमकै निरन्तरता दिनका लागि सम्बन्धित पावर कम्पनीलाई पत्राचार गर्ने निर्णय गरियो।

**निर्णय नं.११:**

भोटेकोशी गाउँपालिका वडा नं २ बसोबास गर्ने बुद्धिमान थामीको छोरा श्री विवेक थामीलाई सर्पले टोकेको र उपचार गर्न पारिवारिक आर्थिक अवस्था कम्जोर भएकोले उपचार खर्च स्वरुप **रु ७०००० (सत्तरी हजार)** आर्थिक सहायता **आपतकालीन स्वास्थ्य उपचार कोष**बाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. :१२**

नेपालीहरुको महान चाड वडा दशैं तथा दीपावली नजिकिए संगै वडा कार्यालय तथा ग्रामीण इलाकाहरुमा जाने ग्रामीण सडकहरुको अवस्था जीर्ण भएकोले  मनसुन सकिएपछी लगतै (दशैं अगाडि) सरसफाई गर्नुपर्ने भएकोले भोटेकोशी गाउँपालिकाको सिफारिसमा स्थानीय हाइड्रोवारको समन्वयमा सरसफाईको लागि आवश्यक व्यवस्था गर्न वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.१३ः शिक्षा, युवा तथा खेलकुद तर्फका निर्णयहरुः**

१. **कार्यक्रम कार्यान्वयन मार्गदर्शन सम्वन्धमा :** भोटेकोशी गाउँपालिका चौंधौं गाउँसभावाट स्वीकृत शिक्षा, युवा तथा खेलकुद शाखा अन्तर्गतका पालिकाको स्रोतवाट विनियोजित वजेटको कार्यान्वयन गर्न, एकरुपता कायम गर्न, सहजीकरण गर्न कार्यक्रम कार्यान्वयन मार्गदर्शन(शिक्षा) २०८१/८२ स्वीकृत गर्ने निर्णय गरियो।

२. **प्रारम्भिक कक्षा सिकाइ (EGL) कार्यक्रमका लागि विद्यालय छनौट सम्वन्धमा :**

**निर्णय नं. कः विद्यालय अनुदान लागि विद्यालय छनोट सम्बन्धमा ।**

प्रस्तुत विषयको सम्बन्धमा छलफल गर्दा  शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८१ भाद्र १८ को पत्र अनुसार र  विद्यालय अनुदान छनोट सम्बन्धी निर्देशिका बमोजिम तलका सूचकहरु आधारमा १८ विद्यालयहरु छनोट गरियो र उक्त छनोट गरिएको विद्यालयको सूचीलाई युएसएआइडी प्रारम्भिक कक्षा सिकाइलाई पठाउने निर्णय गरियो ।

**विद्यालय छनोटका आधारहरु**

- विद्यालय नेपाल सरकारको EMIS प्रणालीमा समावेश भइ तथ्यांक अद्यावधिक गरेको

Scanned with CamScanner

- शैक्षिक सत्र २०८१को EMIS तथ्यांकमा कक्षा १ बाट ३ सम्ममा १५ र सो भन्दा बढी विद्यार्थी संख्या भएको विद्यालय (२०८१ भाद्र १८ गते सम्म अद्यावधिक गरिएको तथ्यांक लिएको)
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन भइ सक्रिय रहेको
- संघ तथा प्रदेशबाट नमुना विद्यालयका रुपमा छनोट नभएका विद्यालय
- आर्थिक वर्ष २०८१/८२ मा कुनै अन्य निकायबाट प्रारम्भिक कक्षा लक्षित पढाइ तथा गणीतीय सीप विकासमा केन्द्रित अनुदान प्राप्त नभएको विद्यालय
- धार्मिक विद्यालयको हकमा नेपाल सरकारको पाठ्यक्रम लागू गरेका

**माथीको सूचकहरुको आधारमा विद्यालय अनुदानका लागि छनोट भएका विद्यालयहरुको सूची :**

| SN | EMIS Code | Full Name of School | Ward no. | Address/Tole |
|---|---|---|---|---|
| 1 | 230470005 | Bhimsen Secondary School | 5 | Tyangthali |
| 2 | 230430007 | Setidevi Adhar V | 1 | Kanglang |
| 3 | 230190001 | Thapi Narayan Secondary School | 4 | Sunkhani |
| 4 | 230680001 | Gupteshwori Basic School | 3 | Duguna |
| 5 | 230190008 | Narayan Basic School | 4 | Narayanthan |
| 6 | 230680003 | Kodari Ma V | 2 | Kodari |
| 7 | 230470006 | Dhaneswori Ma Vi | 5 | Chaku |
| 8 | 230680006 | Thami Gaun Basic school | 2 | Thamigaun |
| 9 | 230680002 | Tatopani Basic School | 2 | Tatopani |
| 10 | 230430009 | Bhumeswori Pra V | 1 | Chyamnasa |
| 11 | 230470007 | Shree Marming Secondary School | 5 | Marming |
| 12 | 230430004 | Ugrachandi Secondary School | 1 | Listikot |
| 13 | 230470002 | Mahadev Pra V | 5 | Chhyadi |
| 14 | 230430001 | Himalaya Pancha Kanya Pra V | 1 | Ghipche |
| 15 | 230430006 | Shree Chhayangsing Basic School | 1 | chhayangsing |
| 16 | 230190007 | Mahakali basic school | 8 | Daktola |
| 17 | 230470003 | Kali Devi Basic school | 5 | Anthali |
| 18 | 230470004 | Golchi Pra V | 5 | Golchhi |

निर्णय नं . ख :विद्यालय अनुदान कार्यान्वयन सहजीकरण सम्बन्धमा ।

Scanned with CamScanner

प्रस्तुत विषयको सम्बन्धमा छलफल गर्दा विद्यालय अनुदान कार्यक्रमलाई स्थानीय सरकारले विद्यालय छनोटदेखि समापन प्रक्रिया सम्म आवश्यक प्राविधिक सहयोग तथा सहजीकरणका साथै अनुमन तथा मूल्यांकन गरी प्रभावकारी कार्यन्वयन गर्ने निर्णय गरीयो ।

३. **शुन्य दरवन्दी समायोजन सम्बन्धमा :** संघीय सरकारवाट आ.व. २०८१/८२ का लाग माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान शिर्षकमा रु ६३,५८,०००।- विनियोजन भएको र थप ३ वटा अनुदानका दरवन्दी सिर्जना गर्ने सकिने भएको हुँदा उक्त ३ वटा दरवन्दी गाउँपालिकावाट सिर्जना गरिएको मा वि शिक्षक दरवन्दी तपसिल वमोजिम मिलान गरि समायोजन गर्ने निर्णय गरियो।

तपसिलः

| सि.नं | विद्यालयको नाम | साविक कायम अनुदान दरवन्दी दरवन्दी | समायोजन कायम गरिएको अनुदान दरवन्दी | कैफियत |
|---|---|---|---|---|
| १. | श्री थापीनारायण मा.वि | गा.पा. मा वि अनुदान | संघीय मा वि शुन्य अनुदान दरवन्दी | |
| २. | श्री मार्मिङ मा.वि | गा.पा. मा वि अनुदान | संघीय मा वि शुन्य अनुदान दरवन्दी | |
| ३. | श्री उग्रचण्डी मा वि | गा.पा. मा वि अनुदान | संघीय मा वि शुन्य अनुदान दरवन्दी | |

साथै गा.पा. मा वि अनुदान दरवन्दी समायोजन भए पश्चात रिक्त हुन आउने गा पा मा वि शिक्षक अनुदानलाई परिवर्तन गरी श्री मार्मिङ मा वि मा गा पा उमावि दरवन्दी कायम गर्ने निर्णय गरियो।

४. **SEE मा ननग्रेडेड परीक्षार्थीको फ्रि कोचिङ तथा आवास व्यवस्थापन सम्बन्धमा :** भोटेकोशी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक सत्र २०८० को SEE परीक्षामा अधिकांश ननग्रेडेड भएको हुनाले ती विद्यार्थीहरुलाई ग्रेड सुधार गर्नका लागि ग्रेड सुधार परीक्षाको व्यवस्था भएको हुँदा ३ वटा विद्यालयमा केन्द्र कायम गरी श्री कोदारी मा वि र श्री झिर्पु मा वि मा फ्रि कोचिङ र श्री भिमसेन मा वि मा फ्रि कोचिङ र आवास व्ययवस्थापन भइ तपसिल वमोजिम खर्च भएको हुँदा सम्वन्धित विद्यालयमा शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो।

| सि.न. | विवरण | एकाइ रकम | संख्या | जम्मा रकम रु | स्रोतकेन्द्र विद्यालयको नाम |
|---|---|---|---|---|---|
| १. | शिक्षक भत्ता | ३५२९५ | १ | ३५२९५ | श्री कोदारी मा वि |
| २. | शिक्षक भत्ता | ३५२९५ | १ | ३५२९५ | श्री झिर्पु मा वि |
| ३. | शिक्षक भत्ता | ३५२९५ | २ | ७०५९० | श्री भिमसेन मा वि<br>२,७५,७२०।- |
| ४. | विद्यार्थी खाना तथा खाजा | ४२००( ३० दिन*१४०) | ४२ | १७६४००। | |
| ५ | स्टेशनरी | ४० | १३० | ५२००।- | |
| ६ | भान्से | २ | ११७६५ | २३५३०।- | |
| | | जम्मा | | ३,४६,३१०।- | |

Scanned with CamScanner

५. **भोटेकोशी कप प्रतियोगिता आयोजना सम्बन्धमा :** भोटेकोशी गाउँपालिकामा आयोजना हुँदै आएको भोटेकोशी फुटवल कप यस वर्ष नेपालीहरुको महान चाड दशैंको अवसरमा सुनखानी युवा क्लव मार्फत स्थानमा वडागत रुपमा पालिकास्तरीय फुटवल प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन गर्न रु ५,००,००० रकम भोटेकोशी कप प्रतियोगिता सञ्चालन शीर्षकवाट वजेट व्यवस्थापन गर्ने निर्णय गरियो।

६. **जनप्रतिनिधि vs कर्मचारी मैत्रीपूर्ण फुटवल सम्वन्धमा :** नेपालीहरुको महान चाड दशैंको अवसरमा जनप्रतिनिधि vs कर्मचारी मैत्रीपूर्ण फुटवल प्रतियोगिता तपसिल वमोजिम गर्न भोटेकोशी कप प्रतियोगिता सञ्चालन शीर्षकवाट रु १ लाख रकम विनिजन गर्ने निर्णय गरियो।

तपसिलः

मिति : २०८१ साल असोज २० गते

स्थान : सुनखानी खेल मैदान

७। **विद्यार्थी सम्मान कार्यक्रम सम्वन्धमाः** भोटेकोशी गाउँपालिका, सिन्धुपाल्चोक अन्तर्गतका विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरु मध्ये शैक्षिक सत्र २०८० मा सहभागी भइ सर्वोत्कृष्ट हुन सफल भएका तपसिल वमोजिमका विद्यार्थीहरुलाई वाल दिवसको अवसरमा मिति २०८१ साल भाद्र २९ गते नगद तथा प्रमाणपत्र सहित विद्यार्थी सम्मान कार्यक्रममा तपसि वमोजिम भएको खर्चको भुक्तानी आ.व. आ.व. २०८१/८२ विषयगत शाखा शिक्षा तर्फको उत्कृष्ट विद्यार्थी पुरस्कार(८, SEE, १२)/ शिक्षक शीर्षकवाट दिने निर्णय गरियो।

तपसिलः

| क.स. | विद्यार्थीको नाम | विद्यालयको नाम | उतीर्ण कक्षा | प्रासाङ्क | रकम रु. |
|---|---|---|---|---|---|
| १. | कृति श्रेष्ठ | श्री झिर्पु मा वि | कक्षा ८ | ३.८८ जिपिए | १३,३३४।- |
| २. | देविना श्रेष्ठ | श्री उग्रचण्डी मा वि | SEE | ३.५२ जिपिए | २०,०००।- |
| ३. | सञ्जय तेम्वा तामाङ | श्री झिर्पु मा वि | +2 (कक्षा १२) | ३.४० जिपिए | २६,६६७।- |

**निर्णय नं.१४:**

संघीय संसद,पूर्वाधार विकास समितिको मा.सभापतीको संयोजकत्वमा समितिबाट काठमाण्डौ कोदारी राजमार्गको स्थलगत निरिक्षण गर्ने कार्यक्रमको सिलसिलामा मिति २०८१ भाद्र २३ गते, संघीय तथा प्रदेश सांसदहरु, सुरक्षा निकायका पदाधिकारी लगायतका अतिथि तथा पाहुनाहरुको लागि अतिथि सत्कार बापतको देहाय बमोजिमको रकम गा.पा चालु खर्च अतिथि सत्कार शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

१) भोटेकोशी अरनिको रिसोर्ट प्रा.ली रु.८२,९४०।

२) भोटेकोशी हेली रिसोर्ट रु. १,८३,६०१।

३) होटल स्मल हेभन रु २०५६०।

जम्माः २८७,१०१।

Scanned with CamScanner

निर्णय नं.१५ः

क. भोटेकोशी गाउँपालिका मेलमिलाप केन्द्र सम्बन्धी कार्यविधि, २०७८ मा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| | थप गर्ने | कारण |
|---|---|---|
| परिच्छेद ५ को २८मा संशोधनमा थप | साथै मेलमिलाप कर्तालाई प्रति विवाद निरुपण गरे वापतको यातायात खर्च रकम रु १०००। अक्षेरुपी एक हजार रुपैया रकम उपलब्ध गराइनेछ । | आर्थिक रकम नतोकिएकोले तोक्नुपर्ने |

ख. गाउँ प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| व्यवस्था | संशोधन |
|---|---|
| १. गाउँ प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को परिच्छेद ४ दफा ९ उपदफा (१) गाउँ प्रहरी सहायक निरिक्षक पदको शैक्षिक योग्यता सम्बन्धमा मान्यताप्राप्त शैक्षिक संस्थाबाट SLC,SEE वा कम्तीमा कक्षा आठ उत्तरीर्ण गरी सम्बन्धित संस्थाबाट प्राइभेट सेकेण्ड क्लास उत्तिर्णि वा सो सरह तालिम प्राप्त भएको भएको भुपु नेपाल प्रहरी/ सशस्त्र प्रहरी बल/ नेपाली सेना हुनुपर्ने, | १. गाउँ प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को परिच्छेद ४ दफा ९ उपदफा (१) गाउँ प्रहरी सहायक निरिक्षक पदको शैक्षिक योग्यता सम्बन्धमा मान्यताप्राप्त शैक्षिक संस्थाबाट SLC,SEE वा सो सरह तालिम प्राप्त भएको भुपु नेपाल प्रहरी/ सशस्त्र प्रहरी बल/ नेपाली सेना हुनुपर्ने, |
| २. गाउँ प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को परिच्छेद ४ दफा ९ उपदफा (२) गाउँ प्रहरी जवान पदको शैक्षिक योग्यता सम्बन्धमा मान्यताप्राप्त शैक्षिक संस्थाबाट SLC,SEE वा सो सरह | गाउँ प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को परिच्छेद ४ दफा ९ उपदफा (२) गाउँ प्रहरी जवान पदको शैक्षिक योग्यता सम्बन्धमा मान्यताप्राप्त शैक्षिक संस्थाबाट कक्षा ८ आठ वा सो सरह उत्तरीर्ण भएको भुपु नेपाल प्रहरी/ सशस्त्र प्रहरी बल/ नेपाली सेना हुनुपर्ने । |

Scanned with CamScanner

| व्यवस्था | संशोधन |
|---|---|
| उत्तिर्ण भु.पु नेपाल प्रहरी/ सशस्त प्रहरी बल/ नेपाली सेना भएको । | |

**निर्णय नं.१६ः**

काङलाङ लिस्तीकोट मोटरबाटो लगायत अन्य विवादित योजनाहरुको सम्बन्धित वडा अध्यक्षको उपस्थितिमा स्थलगत अनुगमन गरी १५ दिनभित्र प्रतिवेदन पेश गर्न ३ सदस्यीय सिमिति गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

| | | |
|---|---|---|
| श्री राजाराम घोरासैनी | ईञ्जिनियर | संयोजक |
| श्री नवराज सिलवाल | अ.सव —ईञ्जिनियर | सदस्य |
| श्री नगेन्द्र न्यौपाने | अ.सव —ईञ्जिनियर | सदस्य |

**निर्णय नं.१७ः**

यस भोटेकोशी गाउँपालिकामा हस्तान्तरण भई आएका सहकारीहरुको अनुगमन गर्न र नेपालीहरुको महान चाड वडा दशैं तथा दीपावली नजिकिए संगै यस गाउँपालिका क्षेत्र भित्रका खाद्य कृषि तथा अन्य दैनिक उपभोग्य मालवस्तु विक्रीवितरण गर्ने पसल तथा संस्थाहरुको अनुगमन गर्न बजार अनुगमन समितिलाई निर्देशन गर्ने निर्णय गरियो ।

**१८. विविधः**

गत आ.ब को भुक्तानी बाँकी का सम्बन्धमा आ.व २०८०/८१ मा भुक्तानी दिन बाँकी रहेका निम्न रकमहरु चालु आ.ब २०८१/८२ मा सम्बन्धित शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

| दायित्व सृजना भएको मिति | कारोबार संकेत नं | बजेट उपशिर्षक | कार्यक्रमको नाम | प्रयोजन | भुक्तानी पाउनु पर्नेको नाम | भुक्तानी दिन बाकी रकम | भुक्तानी बाँकी |
|---|---|---|---|---|---|---|---|
| २०८०।६।३० | | संघिय शशर्त | छयादी खोला झो. पु. निर्माण | झोलुङ्गे पुल निर्माण बापत विनियोजित रकममा नपुग | छयादी खोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति | ४१३७४४ | विनियोजन रकम मा |
| २०८०।६।३० | | संघिय शशर्त | सामुदायिक विकास तथा वातावरण संरक्षण मन्च | झोलुङ्गे पुल निर्माण प्राविधिक सेवा बापत | सामुदायिक विकास तथा वातावरण संरक्षण मन्च | २१४३९९ | विनियोजन रकम मा |
| २०८१।३।२४ | | भोटेकोशी गा.पा. | बत्ति तथा धारा मर्मत संभार गरेको | बत्ति तथा धारा मर्मत संभार गरेको | अधिकृत छैठौं, रेजिन्द्र प्रसाद सुवेदी | ८८७५७ | विनियोजन रकम मा |

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २०८१।३।२४ | | भोटेकोशी गा.पा. | सवारी साधन मर्मत | एम्बुलेन्स मर्मत | युनिक आइडलअटोमोबाइल्स | १४०००० | मर्मत अभिलेख |
| २०८१।३।२४ | | भोटेकोशी गा.पा. | कार्यालय सम्बन्धी तथा छपाइ | कार्यालय सम्बन्धी तथा छपाइ | क्षमादेवी प्रिन्टिङ | ९६००० | जिन्सि दाखिला |
| २०८१।३।२४ | | भोटेकोशी गा.पा. | चौधीगाउँसभा कार्यक्रमको रकम बाकी भुक्○तनी | चौधीगाउँसभा कार्यक्रमको रकम बाकी भुक्○तनी | इन्स्पायर हिमालयज इनिसिएटिभ प्रा.लि. | ३३९०० | खाता बन्द पछि बिल |
| २०८१।३।२४ | | भोटेकोशी गा.पा.पजि | हिमालय थाङसिङ सामुदायिक भवनको डिपिआर को बाकी | हिमालय थाङसिङ सामुदायिक भवनको डिपिआर को बाकी रकम | के.एस. इन्जिनियरीङ्ग कन्सल्टेन्सी प्रा.लि | १०८३५६ | प्रतिवेदन स्वीकृत |
| २०८१।३।२४ | | भोटेकोशी गा.पा.पजि | सडक निर्माण बापत | सडक निर्माण बापत | गोकर्णेश्वर बाबा कंस्ट्रक्सन एण्ड सप्लायर्स | २३६१९४ | भेरिएशन स्वीकृत |
| २०८१।३।२४ | | भोटेकोशी गा.पा. | पर्यटन गुरुयोजना निर्माण बापत बाकी रकम भुक्तानी | पर्यटन गुरुयोजना निर्माण बापत बाकी रकम भुक्तानी | बि.एण्ड जे.डेभलपर्स प्रा.लि | १८६११० | प्रतिवेदन स्वीकृत |
| २०८१।३।२४ | | भोटेकोशी गा.पा. | शैक्षिक गुरुयोजना निर्माण | शैक्षिक गुरुयोजना निर्माण | शिक्षा अभियान प्रा.लि. | ८५००० | प्रतिवेदन स्वीकृत |
| २०८१।३।२४ | | भोटेकोशी गा.पा.पजि | सडक गुरुयोजनाको बाकी भुक्○तनी रकम | सडक गुरुयोजनाको बाकी भुक्○तनी रकम | स्कोलर इन्जिनियर्स प्रा. लि. | ११८९९३ | प्रतिवेदन स्वीकृत |
| २०८१।३।२४ | | भोटेकोशी गा.पा. | स्मार्ट बोर्ड खरिद तथा व्यवस्थापन | स्मार्ट बोर्ड खरिद तथा व्यवस्थापन | स्मार्ट टेक सोलुसन प्रा.लि. | १४६०७० | प्रतिवेदन स्वीकृत |
| २०८१।३।२४ | | भोटेकोशी गा.पा. | नेपाल चाइना बोर्डर गेट को प्राविधिक क्षमता परीक्षण | नेपाल चाइना बोर्डर गेट को प्राविधिक क्षमता परीक्षण | सिस्मो इन्जिनियरिङ्ग प्रा.लि. | ८८५९२ | प्रतिवेदन स्वीकृत |
| २०८१।३।२४ | | भोटेकोशी गा.पा. | विविध कार्यक्रम खर्च | मजदुर दिवस खर्च | पासाङ शेर्पा नेपाल भन्सार तथा विमानस्थल सम्बद्द श्रमिक संघ | १००००० | विनियोजन रकम मा |
| २०८१।३।२४ | | विविध खर्च खाता | भैरवकुण्ड पदमार्ग निर्माण पर्यटन बोर्ड साझेदारी | भैरवकुण्ड पदमार्ग निर्माण | भैरवकुण्ड पदमार्ग निर्माण उ.स. | ९७०००० | पर्यटन बोर्डबाट |

Scanned with CamScanner